म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ५३ २०८० पुस २५ गते बुधबार 10 January 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

**ग्राहक वर्गमा हार्दिक अनुरोध**

विद्युत सम्बन्धी कुनै पनि गुनासो वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाईन नम्बर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिची जानकारी गराउनुहोस् । हामी तपाईको समस्या समाधान गर्न २४ सै घण्टा समर्पित रहनेछौं ।

नेपाल विद्युत प्राधिकरण
बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौंडा

# आपतकालीन अवस्थाका लागि पूर्वतयारीमा हेभी इक्यूपमेन्ट



*हेभी ईक्यूपमेन्ट डिभिजन हेटौंडामा पार्कीङ अवस्थामा रहेको ईक्यूपमेन्टहरु ।*

समाज संवाददाता

हेटौंडाः हेभी इक्यूपमेन्ट डिभिजन हेटौंडा आपत्कालीन अवस्थाको लागि पूर्वतयारीमा रहेको छ । नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सडक विभागअन्तर्गत् रहेको हेभी इक्यूपमेन्ट डिभिजन हेटौंडामा विभिन्न सडक निर्माणका साधनसहित पूर्वतयारीमा रहेको छ ।

हेभी इक्यूपमेन्टमा डिभिजन हेटौंडाले उपत्यकाबाहेक १० जिल्लाका सडक मर्मतका कामहरु गर्दै आएको छ । नेपाल सरकारले विपद् व्यवस्थापन गर्न ठूलो लगानीमा प्रत्येक प्रदेशमा हेभी इक्यूपमेन्ट राखेको छ । विपद्का समयमा राजमार्ग मर्मत कार्यका लागि सरकारले हेभी इक्यूपमेन्ट खडा गरेको हो ।

वर्षायाममा धेरै पानी पर्ने, सडक भासिने, भत्किने, पहिरोका कारणले राजमार्ग अवरुद्ध हुने हुँदा सरकारले राजमार्गमा तत्काल सडक सुचारु गर्न पूर्वतयारीका साथ इक्यूपमेन्ट तयारी अवस्थामा राखेको छ । बागमती प्रदेशको हेटौंडामा रहेको हेभी इक्यूपमेन्टमा सडक मर्मत गर्न आवश्यक पर्ने ६५ वटा साधन रहेका छन् ।

मोबाइल क्रेन (१० टन) को एक थान, ट्र्याक डोजर, बिटुमिन डिस्टुविटर २ वटा, ट्र्याक पेभर एक वटा, हट मिक्स प्लान्ट एक थान, चिपिङ स्प्रेडर एक थान, एक्साभेटर ५ वटा, मिनी एक्साभेटर एक थान, व्हील एक्साभेटर एक थान, भोल्भो एक्साभेटर एक थान, फोर्क-लिफ्ट ट्रक एक थान, ग्रेडर ३ थान, व्हील लोडर १० थान, ब्याकहोइ लोडर ७ थान, थ्री व्हील स्टिल रोलर २ थान, वायमेटिक रोलर ३ थान, प्याडेस्टेरियन रोलर २ थान, डबल ड्रम कम्पन रोलर एक थान, सोइल कम्प्याक्टर एक थान रहेको छ । यस्तै, कम्प्याक्टर क्रेन मोबाइल (१० टन)को एक थान, टाटा टिपर एक थान, ट्रक टिफर ४ थान, मिनी ट्रक टिफर २ थान रहेको छ । कार्यालयमा टेलर ट्र्याक्टर एक थान, टाटा टेलर एक थान, वाटर ट्याङ्क ३ थान, मोबाइल भ्यान एक थान, टोयोटा एक थान र पिकअप फ्रोड एक थान रहेको छ ।

इक्यूपमेन्ट डिभिजन हेटौंडामा २० जना इक्यूपमेन्ट चालक रहेका छन् । हेभी इक्यूपमेन्टमा डिभिजनमा २० जना साधन मर्मत गर्ने इन्जिनियरहरु रहेका छन् । एक अप्रेटरले दशैंपश्चात् खासै इक्यूपमेन्ट सञ्चालनमा नआएको बताउनुभयो । उहाँले भन्नुभयो- 'दशैंपश्चात खासै इक्यूपमेन्ट चलेको छैन, तलबमात्र खाएर अफिसमा बसेका छौं, काम नचल्दा घाम तापेरमात्र बस्नु परेको छ ।' पछिल्लो समय सडक निर्माणका कामहरु टेण्डरमा जाने भएकाले इक्यूपमेन्टमा रहेका साधन सञ्चालनमा नआएको अप्रेटरले बताउनुभयो ।

सरकारले इक्यूपमेन्टलाई विपद् कार्यका लागि राखेकाले अन्यत्र खासै नजाने र कुनै निकायबाट साधन माग भई आएमा भाडामा दिने गरेको र त्यो पनि पछिल्लो समय माग नभएको उहाँले जानकारी दिनुभयो । हेभी इक्यूपमेन्ट डिभिजन हेटौंडाका सिनियर डिभिजन इन्जिनियर महेशकुमार इसरले वर्षायाममा काम गरेर अहिले मर्मतको चरणमा रहेको बताउनुभयो । 'सरकारले राखेको इक्यूपमेन्टमा हामी बाह्रै महिना तयारीमा रहनुपर्ने हुन्छ', उहाँले भन्नुभयो- 'वर्षायाममा निरन्तर काम गर्नुपर्ने भएकाले टुटफुट आएका साधन मर्मतको काम भइरहेको छ ।' सरकारले हेभी इक्यूपमेन्टलाई राजमार्ग मर्मतका लागि राखेका कारणले सधैं तयारी अवस्थामा रहने र अन्य विकास निर्माणको काम नगर्ने उहाँले जानकारी दिनुभयो ।

# हेटौंडामा तरकारीको मूल्य घट्दो

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१, राप्तीतटमा रहेको तरकारी तथा फलफूल थोक बजारमा बजारमा केही तरकारीको मूल्य घटेको छ । अघिल्ला दिनहरुको तुलनामा मंगलबार केही तरकारीको मूल्य घटेको हो ।

यसअघि ३० देखि ४५ रुपैयाँसम्ममा बिक्री हुने गरेको बन्दाकोभी अहिले १५ रुपैयाँ प्रतिकेजीमा पनि राम्ररी बिक्री नभएको व्यवसायी दीपेन्द्र महतोले जानकारी दिनुभएको छ । आर्थिक मन्दीको अवस्थाले गर्दा तरकारीको मूल्यमा कमी आएको महतोले बताउनुभयो । किसानसँग पैसा नभएको समयमा मलको मूल्यवृद्धि भएकाले तरकारीको मूल्य घटेको उहाँले बताउनुभयो । कोरोनाका कारण भएको लकडाउनको समयदेखि नै देशको आर्थिक स्थिति कमजोर बनाएको उहाँको भनाइ छ ।

अहिले थोक बजारमा प्याज ५० रुपैयाँ प्रतिकेजी, टमाटर २२ रुपैयाँ प्रतिकेजी र गाँजर २० रुपैयाँ प्रतिकेजीमा बिक्री भएको छ । लप्सी ७० रुपैयाँ प्रतिकेजी, माछे खुर्सानी ५० रुपैयाँ प्रतिकेजी, खुर्सानी ५० रुपैयाँ प्रतिकेजी र मुला १० रुपैयाँ प्रतिकेजीको दरले बिक्री भएको छ । यस्तै, रायोको साग ८ रुपैयाँ प्रतिमुठा, केराउ कोसा ७० रुपैयाँ प्रतिकेजी र बन्दा १५ रुपैयाँ प्रतिकेजीमा बिक्री भएको छ । माघे संक्रान्तिको आसपास बढी बिक्री हुने तरुल ६० रुपैयाँ प्रतिकेजीमा बिक्री भएको व्यवसायीको भनाइ छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# वडाले सडकपेटीको मर्मत गर्दै



*सडकपेटी मर्मत गर्दै मजदुरहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको २ नम्बर वडाले सडकपेटी मर्मतको कार्य सुरु गरेको छ । वडाका सडकपेटी बिग्रिएको पाइएपछि वडाले सडकपेटी मर्मतको कार्य सुरु गरेको वडा अध्यक्ष विष्णुगोपाल महर्जनले जानकारी दिनुभएको छ ।

वडाअध्यक्ष महर्जनले बिग्रिएका सडकपेटीबारे जानकारी दिन वडावासीसँग आग्रह समेत गर्नुभएको छ । सडकपेटी निर्माणको समयमा पालिकाका प्राविधिकहरुले राम्रोसँग निरीक्षण नगर्दा सडक, सडकपेटीको निर्माण कार्य कमसल हुने गरेको छ । उपमहानगरका अधिकांश सडकपेटी मर्मत गर्नुपर्ने अवस्थाका भए पनि अन्य वडा र पालिकाको ध्यान जान सकेको छैन ।

# ३ महिनादेखि आईसियुमा उपचाररत राईको उद्दार

समाज संवाददाता

हेटौंडाः विगत ३ महिनादेखि आईसियुमा उपचाररत ६५ वर्षीया फूलमाया राईको उद्दार गरिएको छ । मंगलबार मानवसेवा आश्रमको मुख्य कार्यालय हेटौंडाले राईको उद्दार गरेको हो ।

हेटौंडा उपमहानगरपालिकाको समन्वयमा राईको उद्दार गरिएको मानवसेवा आश्रमले जानकारी दिएको छ । ठेलामा व्यापार गरेर जीवन गुजारा गर्दै आउनुभएकी राईको हेरचाह र पालनपोषण गर्ने कोही नरहेको हेटौंडा महानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले बताउनुभयो । आफन्तको नाममा भएको एउटा छोराले समेत आमाप्रतिको जिम्मेवारी पूरा नगरेपछि राई एक्लिनुभएको स्थानीयले बताएका छन् ।

जसोतसो जीवन गुजारा गरिरहेकी राईको मुटुमा समस्या देखिएको हेटौंडा अस्पतालले जनाएको छ । हेटौंडा उपमहानगरपालिका-१० मा बसोबास गर्दै आउनुभएको राई विगत डेढ महिनादेखि हेटौंडा अस्पतालमा उपचाररत हुनुहुन्थ्यो । राईलाई मानवसेवा आश्रम हेटौंडाले हेरचार, उपचार र पालनपोषण गर्नेछ ।

मानवसेवा आश्रम २०६९ सालदेखि नै देशव्यापीरुपमा सडकपेटी र सार्वजनिक स्थलहरुमा कष्टपूर्ण जीवन विताउन बाध्य अनाथ, अपाङ्ग, अशक्त, असहाय, शारीरिक तथा मानसिकरुपमा अति कमजोर मानवहरुको उद्दार, उपचार, पालनपोषण एवम् पारिवारिक पुनर्मिलनको सेवामा समर्पित हुँदै आइरहेको छ ।

**वडावासीहरूमा जानकारीका लागि अनुरोध**

नेपालको संविधान भाग–३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन, २०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन, सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

दीपक खड्का
वडा अध्यक्ष तथा
१४ नम्बर वडा कार्यालय परिवार
हेटौंडा उपमहानगरपालिका

**वडावासीहरूमा जानकारीका लागि अनुरोध**

नेपालको संविधान भाग – ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन,२०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम ( जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी,बालुवा,सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन,सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

दामोदर गौतम
वडा अध्यक्ष तथा
७ नम्बर वडा कार्यालय परिवार
हेटौंडा उपमहानगरपालिका

**वडावासीहरूमा जानकारीका लागि अनुरोध**

नेपालको संविधान भाग–३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन, २०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन, सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

सुनिल मोक्तान
वडा अध्यक्ष तथा
१५ नम्बर वडा कार्यालय परिवार
हेटौंडा उपमहानगरपालिका

# शून्यको मूल्य

**पुस्तक समीक्षा**



**मनश्वी सापकोटा**

**विषय प्रवेशः** शून्यको मूल्य, डा. नवराज केसीले लेखेको एक पुरस्कार विजेता पुस्तक हो । यस पुस्तकको आवरणमा लेखिएको जस्तै सास, साहस स्नेहको कथाहरु यस पुस्तकमा उपस्थित छन् । यो पुस्तकले कर्णाली प्रदेशका महिलाहरुको सङ्घर्षको कुरा गरेको छ । यसको जटिलता र महिलाको राम्रो प्रतिनिधित्वको कारणले उत्कृष्ट शान्ति पुरस्कार जस्ता अवार्डहरु पाएको छ र यसले देशभर ख्याति कमाएको छ । यो पुस्तक गत वर्ष २०७९ मा साङ्ग्रिला बुक्स पब्लिकेशनले मङ्सिरमा प्रकाशित गरेको थियो । यस पुस्तकले पाठकहरुबाट ठूलो सकारात्मक प्रतिक्रिया पाएको छ । मलाई पनि लाग्छ कि यो वर्ष हामीले पढेका सबैभन्दा राम्रो पुस्तक अहिले सम्म यो हो ।

पुस्तकका लेखक डा. नवराज केसी पुस्तकका पात्रहरुप्रति सहानुभूति जगाउनमा अत्यन्त प्रतिभाशाली छन् । उनी पेशाले डाक्टर भए पनि सामाजिक काममा सहयोग गर्छन् । उनले कर्णाली प्रदेशमा लामो समय डाक्टरको रूपमा काम गरे त्यसैले उनले त्यहाँ धेरै दुखद र पीडादायी पलहरु देखे जसले यो पुस्तकलाई प्रेरणा दिएको छ । उनले कर्णाली प्रदेशको अवस्थाबारे सबैलाई सचेत गराउन मद्दत गरेका छन् ।

**विषयवस्तुः** यो पुस्तक एक छोटो समर्पण जस्तै पृष्ठसँग सुरु हुन्छ जुन मेरो विचारमा यो संसारमा मान्छेको बारेमा धेरै भन्छ । यसरी भनाइ छ ।

*"जब म स्कुल गए, मलाई सोधियो*
*तिमी के हुन चाहन्छौ जिन्दगीमा ?*
*मेल भने, "खुसी"*
*उनीहरूले भने- मैले प्रश्न भुझिन रे !*
*मैले भने-तिमीहरूले जिन्दगी नै बुझेनौ ।"*

हामी जहिले पनि धनको लागि जागिर गर्छौं पैसा कमाउने खोजीमा लागिरहेका हुन्छौं तर कहिले पनि आफ्नो खुसीको बारेमा सोच्दैनौं । हामी काम गर्छौं जसले हामीलाई दुःखी बनाउँछ जब हामी केही छान्न सक्छौं जसले हामीलाई खुसी बनाउँछ । यसले यो पनि देखाउँछ कि मानिसहरु कसरी अड्किएका छन् किनभने आजको संसारमा पैसाबिना केही सम्भव छैन र यसमा आधारभूत स्वास्थ्य सेवा पनि पर्छ । गरिबीमा परेका मानिसहरु उपचार गर्न सकिने रोगका कारण दिनहुँ मरिरहेका छन् । भ्रष्टाचार बढ्दै जाँदा धनीहरु लोभी हुँदै जाँदा उनीहरुलाई सहयोग गर्ने कोही छैन । यो पुस्तकले यी सङ्घर्षहरु देखाउँछ र त्यस्ता घटनाहरुमा प्रकाश ल्याउँछ ।

बुधेकी फुपूआमा यो किताबको पहिलो कथा हो । यो कथा एक जङ्गली देखिने महिलाको अस्पतालमा आएकोबाट सुरु हुन्छ । अस्पतालमा उनलाई सबैले हेरिरहेका हुन्छन् किनभने उनी पसिनाको दुर्गन्ध र धेरै फोहोर देखिन्छिन् । आँखा चिम्लिएर ती महिला डाक्टरकहाँ गएर आफ्नो छोराको बारेमा बताइन् । उनको छोरा एक शब्द पनि बोल्दैन र ऊ पहिले नै बोल्न सुरु गर्ने उमेरमा छ । डाक्टरले उनको अवस्थाको बारेमा थप जान्नको लागि केही प्रश्नहरू सोध्छन् र उनी एकान्त जंगलमा बस्ने बारे बताउँछन् । उनी बस्ने गाउँमा उनको अनुहारमा पोलेको दाग भएकोले उनलाई दिनहुँ पिट्ने र बोक्सी भनेर बोलाउने चलन थियो । उनले अब यसलाई सामना गर्न नसकेर आफ्नो बच्चालाई लिएर जङ्गलमा बस्न थालिन् । उनी हरेक दिन काममा जान्थिन् र बच्चालाई दूध, खाना र पानी लिएर डोकोमा छोड्ने गर्थिन् । उनको बच्चा धेरैजसो समय बिरालोले घेरिएको थियो र उसले दिनहुँ थोरै समयको लागि मात्र उनीसँग कुराकानी गर्थिन । डाक्टरले अवस्था बुझे र उनको छोराले बिरालो जस्तो व्यवहार गर्न थालेको बताए । डाक्टरले उनलाई आफ्नो छोरासँग धेरै समय बिताउन र हरेक अक्षर स्पष्ट रुपमा उच्चारण गर्दै उनीसँग कुरा गर्न सल्लाह दिए । केही दिनपछि छोराले बोल्न थाल्यो र उनी गइन् । अस्पतालमा हुँदा, डाक्टरले हामीलाई बताउँछन् कि मानिसहरुले अरुको नक्कल गरेर ९०% चीजहरु सिक्छन् त्यसैले तिनीहरु हुर्केको वातावरण वास्तवमै महत्वपूर्ण हुन्छ ।

सोही अध्यायमा बुधेको बारेमा अर्को कथा पनि दिइएको छ । बुधे आफ्नो फुपूआमासँग बस्ने विद्यार्थी हो । उसका बाबुआमा पहिरोमा परेर मरे। उसको फुपूको श्रीमानले पनि उनलाई छाडेर गएकोले उनले मात्र उसलाई र उसको दिदीलाई हुर्काएको हो । तिनीहरू गरिब छन् र दुवै छोराछोरी स्कूल जाँदा पनि एउटै कापी र कलम बाड्ने गर्नुपर्छ। एक दिन डाक्टर एउटा गाउँमा पुग्छन् र खाँचोमा परेका विद्यालयका विद्यार्थीहरूलाई रासन वितरण गर्छन् । रासनमा झोला र केही कापी र कलम हुन्छन् । बुधे यिनीहरुको लागि लाइनमा उभिन्छ र २ सेट माग्छ किनकि उसलाई आफ्नी दिदीको लागि अर्को सेट चाहिन्छ । प्रधानाध्यापकले अस्वीकार गरे र डाक्टर पछि बुधेको घर गएर अर्को सेट दिए । चाँडै बुधे र डाक्टर एकसाथ धेरै कुराको बारेमा कुरा गर्दै नजिक हुन्छन् । एक दिन डाक्टरले छोड्नु पर्छ तर उसले हरेक हप्ता आफ्नो साइकलमा बुधेलाई भेट्ने वाचा गर्छन् । उनी आउन नसकेपछि डाक्टरले बुधेलाई साइकल दिने निर्णय गरे तर घर पुग्दा बुधे कतै भेटिएन । उनको फुपूआमा क्यान्सरका कारण मृत्यु भएको थाहा भयो र ऊ अर्का आफन्तसँग भारत सर्नुपरेको रहेछ । डाक्टर छक्क पर्छन् र फर्किन्छन् ।

बुवालाई चिठी यस उपन्यासको दोस्रो कथा हो । यो कथा एक दम्पतीले आफ्नो बच्चा गुमाएको र आमाले मरेको बच्चालाई आफ्नो स्तन चुसाउन आग्रह गरिरहेपछि सुरु हुन्छ । भीमकाजी र शान्ति त्यो दम्पती थिए । भीमकाजीको स्वभावका कारण उनीहरूले एउटा बच्चा गुमा ए। एक दिन भीमकाजी आफ्ना साथीहरूसँग रक्सी पिएर बाहिर थियो र उसकी पत्नी शान्ति उसलाई खोज्न गइन् । जब उनले अन्ततः उसलाई भेट्टाइन्, ऊ मातेका थियो त्यसैले उनले उसलाई गाली गरिन् । उसलाई आफ्नी श्रीमतीले साथीलाई गाली गरेर लज्जित भयो र त्यसैले उसलाई तल धकेल्यो । यस प्रक्रियामा उनको योनी च्यातिएर बच्चालाई चोट पुग्यो र बच्चाको मृत्यु भयो । शान्तिले अन्ततः आफ्नो पतिलाई माफ गर्छिन् तर के उनले साँच्चै उसलाई क्षमा गरिन् ? महिलाहरुले सामाजिक दबाबका कारण आफ्ना दुर्व्यवहार गर्ने पतिलाई छोड्दैनन् र यदि दम्पतीले बच्चा गुमाएमा दोष आमालाई मात्र सर्छ । आमा बनेपछि पनि महिलालाई बच्चा हुर्काउन दबाब दिइन्छ भने बाबु स्वतन्त्र घुमफिर गर्छन् । आफ्नो सन्तानको हत्या गरेकोमा शान्तिले सायद आफ्नो हृदयमा भीमकाजीलाई कहिल्यै माफ गरिनन् तर समाजमा इज्जतका साथ महिलाको रुपमा बस्नको लागि उनीसँग बस्नु बाहेकको विकल्प थिएन ।

यस घटनापछि दिनहुँ धेरै मानिसहरु आउने गरेको डाक्टरले देखे, उनले अर्को जोडीलाई देखे जहाँ श्रीमती मात्र १६ वर्षकी थिइन् । उनी जुम्ल्याहा बच्चा जन्माएको कारण उनी अस्पतालमा थिइन् । सुरुमा डाक्टरले उनको श्रीमानलाई नराम्रो मान्छे ठान्थे किनभने उनले यति कम उमेरकी केटीसँग विवाह गरे र छिट्टै जन्म दिएर उसको जीवन बिगारे । श्रीमानले आफ्नी श्रीमतीलाई अस्पतालको खाना खुवाउन नसक्ने भएकाले डाक्टरलाई श्रीमतीलाई डिस्चार्ज गर्न आग्रह गरेपछि यो कथा तुरुन्तै परिवर्तन भयो। अब दया देखाउँदै डाक्टरले श्रीमानलाई केही पैसा र बच्चा डिस्चार्ज भएपछि कसरी हेरचाह गर्ने सल्लाह दिए । जोडी अन्ततः डिस्चार्ज हुन्छ तर केहि हप्ता पछि फर्कन भनियो । दम्पती कहिल्यै फर्केनन् र डाक्टरलाई उनीहरुलाई के भयो र उनीहरुले जुम्ल्याहा बच्चाहरु जन्मनुअघि उनीहरुलाई कसरी चिनेका थिए भनेर अचम्ममा पर्छन् । दशैंमा एक वर्ष पछि दम्पती अन्ततः फर्किन्छन् र श्रीमानले आफ्नो गाउँबाट दूध बेच्न थालेको कारणले अहिले राम्रो गरिरहेको बताउछन् र उनले आफ्नी श्रीमतीको धेरै हेरचाह गररको पनि भने । तिनीहरुसँग अब राम्रो आम्दानी र जुम्ल्याहा बच्चाहरुको स्वस्थ थियो । डाक्टरले उनीहरुलाई पहिले कहाँ भेटेका थिए भनेर सोध्छन् । श्रीमती सम्झन थाल्छिन् । एक दिन एउटी युवती आफ्नो गर्भमा रहेको बच्चाको जाँच गराउन डाक्टरको कार्यालयमा आइन् । डाक्टरले उनलाई उनले जन्मेका बच्चाहरु मात्र जाँच गर्ने र उनी अल्ट्रासाउन्ड कोठामा जानुपर्छ भने । जाँदा डाक्टरले उनको घाँटीमा घाउ देखे र के भयो भनेर सोधे । उनी एक क्षण रोकिन् र रुन थालिन् कि कसरी उनको श्रीमानले उनलाई हरेक रात हिर्काउँछन् र हिजो राती उसले उनको पेटमा हिर्काए त्यसैले अब उनी आफ्ना बच्चाहरुको स्वास्थ्य जाँच गर्न चाहन्छिन् । आफ्नो कथा सुनाएपछि उनी चुपचाप त्यहाँबाट जान्छिन्, डाक्टरले आफैंले सोच्न छोडेर । पछि उनले उसलाई फेरि भेट्छन् र उसलाई एउटा नोट दिन्छन् र उसलाई आफ्नो पतिलाई दिन भन्छन् । नोट प्राप्त गरेपछि उनको श्रीमान पूर्ण रुपमा परिवर्तन भयो र राम्रो भयो । चिठ्ठीमा डाक्टरले आफ्नो गर्भमा रहेको बच्चाको रुपमा लेखेका थिए । उनले लेखे कि कसरी कसैले उसलाई दिनहुँ घाँटी थिच्छ र कसरी उसले विश्वास गर्छ कि उसको बुबाले उसको सुरक्षा गर्ने छन् । यसले बुबालाई दोषी महसुस गराउँछ र ऊ परिवर्तन हुन्छ । डाक्टरले अन्ततः उसले दम्पतीलाई कसरी भेट्यो भनेर सम्झन्छ र दम्पतीले बिदाइ गरे जब डाक्टरहरु गहिरो सोचमा डुब्छन् । यस कथाले देखाउँछ कि कति महिलाइ आफ्ना पतिहरूले अक्सर दुर्व्यवहार गर्छन् र कसैले पनि महिलालाई मद्दत गर्दैनन् । बरु, महिलाहरूलाई दुर्व्यवहारको कारण जसरी हेरिने गरिन्छ । पुरुषहरूले कहिल्यै दोषी महसुस गर्दैनन् । यहाँ जब श्रीमती मात्र सोह्र वर्षको छ । यसले ग्रामीण क्षेत्रमा बालविवाह कति सामान्य छ भन्ने देखाउँछ । यसले सोच्न उत्प्रेरित गर्छ कि जब उनलाई आफ्नो श्रीमान् कुट्ने गरिरहेको थियो तब उनी कति वर्षकी थिइन् ? चौध ? मानिसले जुन उमेरमा अध्ययन गर्नुपर्छ । यसले देखाउँछ कि शिक्षाको अभावले व्यक्तिलाई कसरी आकार दिन्छ ।

यस उपन्यासमा धेरै कथाहरु छन् जसले तपाईंलाई गरिबी र विशेष गरी यसले महिला र उनीहरुको स्वास्थ्यलाई कसरी असर गर्छ भन्ने बारे गहिरो विचारमा सोच्न लागाउँछ । यसले महिलाहरुले गर्भावस्थामा हुँदा वा तिनीहरु वृद्ध हुँदा सामना गर्ने समस्याहरूमा प्रकाश पार्छ ।

**आलोचनात्मक विश्लेषणः**

यस पुस्तकबाट धेरै लाइनहरू छन् जुन मलाई लाग्छले ख्याती पाउनुपर्छ:

"कोमल मुटु बोकेका मान्छेहरूलाई ढुङ्गाभन्दा पनि कठोर परिस्थितिहरूले साँच्चिकै ढुङ्गाको मूर्ति बनाउँदो रहेछ ।"

जब मानिसहरु जीवनमा धेरै कुराहरुबाट गुज्रन्छ तब ऊ बुद्धिमान बन्छन् । तिनीहरु पहिले भन्दा फरक हुन्छन् । तिनीहरु समान परिस्थितिहरुको सामना गर्नेहरूप्रति दयालु हुने छन् र तिनीहरु संसारमा गलत गर्नेहरुसँग कडा हुने छन् । यसलाई "पुतली आमा" अध्यायमा देख्न सकिन्छ । कथामा उनी नग्न केटीलाई पुलिसबाट बचाउँछिन् र सुत्न र खानको लागि ठाउँ पनि दिन्छिन्, किनभने उनी एक्लोपनालाई चिन्छिन् । सङ्घर्षले व्यक्तिलाई सकारात्मक वा नकारात्मक रुपमा धेरै तरिकामा परिवर्तन गर्दछ ।

"कार्किनी आमा कर्णालीकी स्टिभ जब्स थिइन् ।" समृद्धि बैङ्कमा रहेको पैसाबाट आउँदैन, समृद्धि हृदयमा रहेको दयाको मात्राबाट आउँछ । कर्णाली प्रदेशकी आमाले अग्रवालजीलाई सित्तैमा दूध दिएकी थिइन् किनभने उनले बच्चा भोकाएको देखिन् तर ठूला सहरमा एउटै दूध एक कपको २५० रुपैयाँ लाग्छ । उनले कहिल्यै केहि फिर्ता मागिनन् जबकि अरूले बदलामा केही आशा गर्छन् । धनभन्दा मानवता महत्त्वपूर्ण छ । यदि हामी निर्दयी छौं भने हामी धनी हुन योग्य छैनौं ।

**निष्कर्ष र सिफारिसः** यो पुस्तक १४ वर्षभन्दा माथिका सबैले पढ्नै पर्ने पुस्तक हो । यसले कर्णाली प्रदेशका महिलाहरुको सङ्घर्ष बुझ्न मद्दत गर्छ । यसले कर्णाली प्रदेशमा स्वास्थ्य सेवाको अभावको बारेमा जान्न मद्दत गर्दछ । यसले कर्णालीबासीहरुलाई मद्दत गर्न के गर्न सकिन्छ भनेर सोच्न बाध्य बनाउँछ ।

*कक्षा-१०, डियरवाक सिफल स्कुल*




**घुम्ती पुस्तकालयः** हेटौँडा-८, कमानेस्थित कमाने एकेडेमीको शनिबार हेटौँडा-७, नागस्वतीमा राखेको घुम्ती पुस्तकालय । विद्यालयले बालबालिका लक्षित गरेर हरेक शनिबार हेटौँडा-८ र हेटौँडा-७ का विभिन्न स्थानमा घुम्ती पुस्तकालय सेवा प्रदान गर्दै आएको छ । घुम्ती पुस्तकालयले बालबालिकामा पठन संस्कृतिको विकास हुने अपेक्षा विद्यालयको छ ।

# विद्यार्थी परिचय



**कबिना राई**

कबिना हेटौंडा-१६, हटियास्थित जनप्रिय माविमा कक्षा १२ मा अध्ययनरत विद्यार्थी हुनुहुन्छ । कबिना विद्यालयको असल विद्यार्थी र विद्यालयको शान हुनुहुन्छ । कबिना विद्यालयको प्रतिनिधित्व गर्दै खेल पनि खेल्नुहुन्छ ।

कबिनाको घरमा आमा, बाबा, दाजु र कबिना गरी ४ जना सदस्य हुनुहुन्छ । कबिनाको बुबा र दाजु दुबै खेलाडी हुनुहुन्छ । कबिना तेक्वान्दो खेल्नुहुन्छ । कबिना २ डन हुनुहुन्छ र खेल्ने अनि सिकाउने दुबै काम गर्नुहुन्छ । कविनालाई तेक्वान्दो खेल अत्यन्तै मन पर्छ । कबिनाले प्रदेश स्तरको प्रतियोगितामा सहभागी भई स्वर्ण पदक पनि प्राप्त गरिसक्नु भएको छ । कबिनाले तेक्वान्दो खेलेर राष्ट्रियस्तरमै आफ्नो पहिचान बनाउने सोच राख्नुभएको छ । कबिनालाई खेलमा मात्र नभई नृत्य र संगीतमा पनि रुचि छ ।

कबिनाको साथीहरु धेरै खेलाडी छन् । कबिनाले गाउँ घरमा धेरै माया पाउने गरेको बताउनुहुन्छ । कबिनाले दिनको २ पटक खेलको अभ्यास गर्ने गर्नुभएको छ । कबिनाको बुबाले र दाजुले खेल खेल्न प्रोत्साहन गर्ने गरेको बताउनुहुन्छ । कबिनाले गर्दा विद्यालयको पहिचान बढेको शिक्षकहरु बताउनुहुन्छ । कबिनाले यसरी नै खेलबाट ठुलो पहिचान बनाउने लक्ष्य रहेको बताउनुहुन्छ ।


# बाल वस्तुगत विवरणसम्बन्धी छलफल

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको आयोजनामा बाल वस्तुगत विवरणसम्बन्धी छलफल कार्यक्रम भएको छ । मंगलबार जिल्ला समन्वय समितिको सभाहलमा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको सभाध्यक्षतामा छलफल कार्यक्रम भएको हो ।

कार्यक्रममा बालमैत्री तथ्यांक संकलकले उपमहानगरपालिकाको १९ वटै वडामा लिएको बाल वस्तुगत विवरणबारे छलफल भएको छ । वडागतरुपमा बालमैत्री स्थानीय शासन घोषणा गर्न सूचकको अवस्थाका बारेमा पनि छलफल भएको छ । वडागत बाल वस्तुगत विवरणलाई अन्तिम रुप दिँदै नगर बाल वस्तुगत विवरणको पुस्तक प्रकाशन हुने हेटौंडा उपमहानगरपालिका महिला तथा बाल विकास महाशाखाकी निर्देशक विष्णुकुमारी लामिछानेले बताउनुभयो । कार्यक्रममा वडा अध्यक्षहरु, बालमैत्री सम्पर्क व्यक्ति, बालमैत्री नगर सहजकर्तालगायत वडाका बालमैत्री सहजकर्ताहरुको उपस्थिति रहेको थियो ।

# मेरो गाउँ



**संजीव दास**

रौतहटमा भएको सानो मेरो गाउँ
चनदिन म सुख र सहर राम्रो लाग्छ आफ्नै ठाउँ
घाम हुँदा चौतारीको पिपलु र वर
यसमा नै खुसी छु म जाँदिन सहर ।

तिमी फुल्छौ सहरमा प्रविधिको ठाउँमा
म परेँ जंगली फलफुल छ आफ्नै गाउँमा
पुर्खाले त सीप दिए गर्ने हाम्रो पालो
गाउँमै सीप, श्रम गरी जान्छ खुट्टाको छाला ।

गाउँ राम्रो स्वस्थ खाना र औँचोपैँचोले
गाउँले नै काम लाग्छ बाँच्दा होस् या मर्दा
जिउँदो जन्ती मर्दाको मलामीलाई छिमेकी भनिन्छ
सहरमा त छेउकी अपरिचित गनिन्छ ।

स्वच्छ हावा स्वच्छ पानी स्वच्छ सबैको मन
खोला नाला भिर पखेरा हाम्रो ठूलो धन
न त लाग्छ धनमा लोभ न कसैको आश
सीप, श्रम, विवेकले जीवन विन्दास

चराले त्यो गाएको गीत सुनु सुनु लाग्ने
साथीसँग जम्मा भएर खेल्न चौर भाग्ने
शब्द कम बयान गर्दा मेरो प्यारो गाउँ
परे गाउँघरमा हुर्किएका संजिव मेरो नाउँ

*कक्षा-१०, भुटनदेवी मावि, हेटौँडा-४*

# मलाई नसोध



**राजकिश यादव**

जीवन यात्रा कति छ मेरो खुट्टालाई सोध
पैसा कति छ मेरो गोजीलाई सोध

सत्रु कति छ मेरो असफलतालाई सोध
मित्र कति छ मेरो सफलतालाई सोध

परिश्रम कति छ मेरो हातलाई सोध
चिन्ता कति छ मेरो मस्तिष्कलाई सोध

दुःख कति छ मेरो मनलाई सोध
आँसु कति बग्यो मेरो आँखालाई सोध

तर मलाई नसोध

*कक्षा-१०, भुटनदेवी मावि, हेटौँडा-४*

## बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# गजल



**ईशिका लामिछाने**

जसो जसो खानालाई छाक छाडेकै छु आमा
दुःख पर्दा सुखमा मन मारेकै छु आमा

छोरी मान्छेमा हुने त्यो सपनाको कठिनाई
हाँसेरै जीवनमा अघि बढेकै छु आमा

पीडा भुलेर तिम्रो सामु हाँसेकै छु
तिम्रो अघि आफूलाई राम्रो ठानेकै छु आमा

तिमी बिना त मेरो जिन्दगी नै खल्लो खल्लो हुन्छ
हजुरकी छोरी हुँ भनेर गर्व बनाएकै छु आमा

तिम्रै कोखमा रमाउन पाउँ सधैं यसरी नै
मेरो आयु पनि तिमीलाई लागोस् भनेर भोगेकै छु आमा

*कक्षा-१०, ज्ञानदीप शिक्षा निकेतन मावि, हेटौंडा-५*

# हाम्रो देश



**प्रनप खड्का**

उच्च पहाडमा बस्छन् शेर्पा अनि लामा ।
हाम्रा लागि देश पनि हाम्रै प्यारी आमा ॥
देशमा काम छैन कस्ले भन्छ ढाँटेर ।
हामी हाम्रो देशका लागि काम गर्छौं आँटेर ॥

पैसा जावो त कमाइन्छ पालेर खसी बोका ।
देशका लागि खोली देऊ अब मनको ढोका ॥
कृषि गरी पैसा कमाऊ अब आफ्नै देशमा ।
पैसाका लागि युवाहरु नजाओ विदेशमा ॥

हाम्रो देश नेपाल हो सबैभन्दा राम्रो ।
उच्च शिर सगरमाथा यहि देशमा हाम्रो ॥
हाम्रो देशको राम्रो भाषा राम्रो छ है भेष ।
अरु देश भन्दा हाम्रो देश नै छ बेश ॥

हाम्रो देशको राष्ट्रिय जनावर हो गाई ।
सबै मिली बस्छन् बनी आफ्नो दाजुभाई ॥
म गर्छु त मेरो देशका लागि केहि गर्न पाउँ ।
म मर्छु त मेरो देशका लागि यहि मर्न पाउँ ॥

*कक्षा-६, महेन्द्र मावि, बकैया-४*

# परिवार



**हृदयांश न्यौपाने**

मेरो परिवार सानो र सुन्दर छ । परिवारमा म, बाबा, आमा, हजुरबुवा र हजुरआमा हुनुहुन्छ । हजुरबुवा र हजुरआमा गाउँको घरमा बस्नुहुन्छ । हामी तीन जना बजारको घरमा बस्छौं । आमा र बाबा अफिसमा काम गर्नुहुन्छ । परिवारमा सानो म छु । सबै जनाले मलाई धेरै माया गर्नुहुन्छ । म पनि सबै जनालाई धेरै नै माया गर्छु । हामी परिवारमा धेरै खुशी छौं । मलाई मेरो परिवार निकै राम्रो लाग्छ ।

*कक्षा-१, नवोदय शिशु सदन, हेटौंडा-४*

# मेरो देश नेपाल



**रितिका लामिछाने**

उन्नतिको विषयमा अघि बढ्नुपर्छ
देश त हामी सबैको हो सबै खट्नुपर्छ
पुर्खौंलीको देश हो स्वर्ग भूमि नेपाल
परम्परागत संस्कृतिको धनी बन्न सफल ।

विकासको क्रममा अघि बढ्न सफल भएको छ
हिमालको काखमा बसी खेल्न मन लाको छ
नदीनाला धेरै छन् सुन्दरताको खानी हो
सगरमाथा ठुलो छ गौरीशङ्कर रानी हो ।

हिमाल, पहाड, तराई, मधेश हेर कति राम्रो
नेपाली संस्कृति जोगाई राख्नु कर्तव्य हो हाम्रो
संस्कृतिको फुलबारीमा धेरै थरि फुल छन्
भमरा र पुतली सुगन्धमा हुन्छन् ।

कहिले पनि नफुट्ने छ धेरै असल
मलाई प्यारो लाग्छ सधैं मेरो देश नेपाल
राजा मरी गएपछि नयाँ शासन आको छ
जुनी जुनी यही ठाउँमा जन्मन मन लाको छ ।

*कक्षा-६, महेन्द्र मावि, बकैया-४*

# एकोहोरो प्रेम



**दिप्सना बर्तौला**


तिमीलाई प्रेमको परिभाषा
बुझाउन सकिनँ,
तिम्रो स्वाभिमानमा
कहिले प्रश्न चिन्ह
उठाउन सकिनँ
तिमीप्रतिको विश्वासलाई
कहिले तोड्न सकिनँ
तिमीले छाडेपछि
अरुसँगै सम्बन्ध जोड्न सकिनँ

खै कस्तो थियो
हाम्रो प्रेम मैले आफैँ
बुझ्न सकिनँ
सधैं एकान्तमा गई
आँशुका धाराले रुझ्न सकिनँ
मनमा गुम्सिएका कुराहरू
धेरै थिए, भन्न सकिनँ
सायद म एउटा
चोखो प्रेमी बन्न सकिनँ
माया गरेर एकान्तमा
म धेरै रुँदै गएँ
सायद म आफ्नोभन्दा बढी
तिम्रो हुँदै गए

तिम्रै यादमा बसिराछु
तिमीले छाडी गएपनि
माया गर्न पाउँदिनँ
र एकोहोरो भएपनि
भनन, माया गर्न पाउँदिनँ
र एकोहोरो भएपनि ?

*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

# हे नेपाली वीरहरू देश छोडी नजाउ



**सरोजप्रसाद साह**

हे नेपाली वीरहरू, देश छोडी नजाऊ
रोइरहेका डाँफेको श्राप लाग्ला है



हे नेपाली वीरहरू परिवार छोडी नजाउ
रोइरहेका आमाको पाप लाग्ला है
पाप लाग्ला है, श्राप लाग्ला है

यो माटोमा तिमीले, पाखुरा खियाउनु छ
अङ्चनका सारा चट्टान फुटाउनु छ
यै माटोमा तिमीले, रगत चुहाउनु छ

राष्ट्रको सम्मान, फेरि उठाउनु छ

हे नेपाली वीरहरू, देशलाई बाँफो छोडी नजाउ
रोइरहेका गुराँसको पाप लाग्ला है

तिमी भोलिको भविष्य हौ

तिमी गुराँसको लाली हौ
तिमी आँखा हौ, तिमी दृश्य हौ

तिमी देशको भविष्य हौ

हे नेपाली वीरहरू, देश छोडी नजाउ
रोइरहेका नेपालीको पाप लाग्ला है
हे नेपाली वीरहरू, परिवार छोडी नजाउ
रोइरहेका आमा-बाको श्राप लाग्ला है



# बाबा



**बिबिसा खड्का**

कसरी सकुँला र भुल्नलाई यो नाता
धेरै धेरै सम्मान अनि माया मेरो प्यारो बाबा ।

परिवारको चिन्ता गर्दा, गर्दा, आधा जीवन काट्नुभयो
घरमा खुसी ल्याउन आफ्नो पसिना पैसासँग साट्नुभयो
न त दिनमा भोक, न त रातमा निन्द्रा तपाईंलाई,
कति दुःख गर्नुभयो, खुसी बनाउन सन्तानलाई ।

सानो हुँदा मलाई ताते ताते हिँड्न सिकाउनुभयो
मेरो खुसीमा म भन्दा बढी तपाई नै पो रमाउनुभयो
म दुःखमा पर्दा पीडा तपाईंलाई हुन्थ्यो
मेरो कष्ट तपाईंले बाहेक अरू कसले पो बुझ्थ्यो ?

अभाव नहोस् परिवारलाई भनी औधी परिश्रम गर्नु हुन्छ
अब मैले पनि हजुरको खुसीका लागि धेरै सङ्घर्ष गर्नुपर्छ
चाडपर्वमा हाम्रो लागि नयाँ कपडा किनिदिने तपाई
तर बाबा हजुरले चाहिँ त्यही पुरानो कपडा किन लगाउनु हुन्छ ?

आफू नपढ्दा पनि पढाइ दिनुभयो हामीलाई
अब दुःखमा देख्न चाहन्नँ म तपाईंलाई
हे ! भगवान् सक्छौ भने अर्को जन्ममा पनि
उनै बाबाको छोरी बनाइदेऊ मलाई ।

*कक्षा-९, जनप्रिय मावि, हेटौंडा-१६*

# चित्रकला





**सुबोध पुडासैनी**
**कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२**





**नितिन चौधरी**
**कक्षा-८, माउन्ट एभरेस्ट इंग्लिस बोर्डिङ स्कुल, हेटौंडा-८**




# बकैया कप फुटबल सुरु



*रेफ्रीलाई बल हस्तान्तरण गरी प्रतियोगिताको उद्घाटन गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः पाँचौं बकैया कप फुटबल प्रतियोगिता मंगलबारबाट सुरु भएको छ। प्रतियोगिताको युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बुले उद्घाटन गर्नुभएको हो।

प्रतियोगितामा बकैया–३ ले विजयी सुरुवात गरेको छ । बकैया गाउँपालिका वडा नम्बर ३ स्थित बकैया रंगशालामा भएको उद्घाटन खेलमा बकैया–३ विजयी भएको हो । बकैया–३ ले बकैया–६ लाई ४–३ गोल अन्तरले हराएको हो ।

खेलमा बकैया–३ का छेवांग लामा र आयुश नेगीले २–२ गोल गरेका छन् भने सागर थापाले एक गोल गरेका छन् । बकैया–६ का धावा भोम्जन र समिर प्रधान एक–एक गोल गरेका छन् । खेलमा उत्कृष्ट प्रदर्शन गर्दै बकैया–६ का समिर प्रधान म्यान अफ द म्याच घोषित भएका छन् ।

प्रतियोगिताको उपाधि विजेता सिनियर टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, उपाधि विजेता जुनिएर टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको सबै खेल हेटौंडा स्पोर्टस्बाट प्रत्यक्ष प्रसारण हुने बकैया गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले जानकारी दिनुभयो ।

# मकवानपुरगढीका रैथाने बालीहरु राष्ट्रिय कार्यक्रममा प्रदर्शन हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा उत्पादन भएका रैथाने बालीहरु राष्ट्रिय कार्यक्रममा प्रदर्शन हुने भएको छ । बिहीबार काठमाडौंमा कृषि तथा पशुपक्षी विकास मन्त्रालय र फुड एण्ड एग्रिकल्चरको संयुक्त आयोजनामा हुने कृषि सामग्री प्रदर्शनी कार्यक्रममा गढीका रैथाने बाली पनि प्रदर्शन गरिने पालिकाका कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिनुभयो ।

केही समयअगाडि उक्त कार्यक्रममा सहभागिताका लागि मकवानपुरगढी गाउँपालिकालाई सूचना आएको उहाँले बताउनुभयो। प्रदर्शनीमा देशभर उत्पादन भएका रैथाने बालीहरु प्रदर्शनी र बिक्री वितरणसमेत हुने प्रमुख चौधरीले बताउनुभयो। प्रदर्शनीमा गढीमा उत्पादन हुने कोदो, फापर, जुनेला, सिलामलगायतका रैथाने बालीहरु राखिने उहाँले बताउनुभयो । कोदोका प्रजातिहरु सेतो, कालो, रातो र धान कोदो प्रदर्शनीमा राख्ने उहाँले बताउनुभयो ।

*प्रदर्शनीमा देशभर उत्पादन भएका रैथाने बालीहरु प्रदर्शनी र बिक्री वितरणसमेत हुने प्रमुख चौधरीले बताउनुभयो । प्रदर्शनीमा गढीमा उत्पादन हुने कोदो, फापर, जुनेला, सिलामलगायतका रैथाने बालीहरु राखिने उहाँले बताउनुभयो । कोदोका प्रजातिहरु सेतो, कालो, रातो र धान कोदो प्रदर्शनीमा राख्ने उहाँले बताउनुभयो ।*

पालिकाले अहिले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ। पालिकाले पालिकाभित्रका किसानहरुले उत्पादन गरेको रैथाने बालीहरुको न्यूनतम समर्थन मूल्य तोकेर बिक्रीका लागि सहजीकरण गरिरहेको छ । पालिकाले कोदोको केजीको ५४ रुपैयाँ, फापरको १ सय रुपैयाँ र जुनेलोको ८४ रुपैयाँ न्यूनतम समर्थन मूल्य तोकेको छ । पालिकाले तोकेको सहकारीसँग बिक्री गरेमा प्रोत्साहनस्वरुप १० रुपैयाँ थप उपलब्ध गराइरहेको प्रमुख चौधरीले बताउनुभयो। जसमा ४ रुपैयाँ सहकारीले पाउनेछन् भने ६ रुपैयाँ किसानले पाउनेछन् ।

पालिकाले अहिले गढी–४ स्थित अपाङ्गता तथा विपन्न कृषि सहकारी संस्थासँग सहजीकरण गरेर किसानहरुले उत्पादन गरेको बाली खरिद गरिरहेको छ। यसवर्ष सहकारीले ७ टन कोदो, ५ टन फापर र १ टन जुनेलो खरिद गरेको छ। मकवानपुरगढीको ८ नम्बर वडामा कोदो, ४ नम्बर वडामा फापर र १ नम्बर वडामा बढी मात्रामा जुनेलो उत्पादन हुने गरेको छ । पालिकाले कृषकहरुले उत्पादन गरेको बालीहरुको न्यूनतम समर्थन मूल्य तोकिदिँदा किसानले कम रकममा बेच्नुपर्ने बाध्यता हटेको र बजारको सुनिश्चितता भएको प्रमुख चौधरीले बताउनुभयो ।

# आँचल साहित्यको भेटघाट कार्यक्रम

समाज संवाददाता

हेटौंडाः आँचल साहित्य कलापुञ्ज मकवानपुरको नियमित मासिक भेटघाट कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा गजलकार/मुक्तककार मिथिला अधिकारीको रचनावाचन तथा विमर्शसमेत गरिएको छ।

शनिबार साहित्य संगम मकवानपुर तथा सिस्नुपानी नेपाल मकवानपुरको सभाहलमा कार्यक्रम भएको कलापुञ्जकी अध्यक्ष भावना सापकोटाले जानकारी दिनुभयो । सापकोटाको अध्यक्षता तथा कलापुञ्जकी सल्लाहकार तथा संस्थापक पूर्णकला घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो। कलापुञ्जले हरेक महिनाको तेस्रो शनिबार मासिक भेटघाट कार्यक्रम गर्ने गरेको छ।

कार्यक्रममा गजल तथा मुक्तककार मिथिला अधिकारीले आफ्नो १२ वटा मुक्तक तथा ५ वटा गजल वाचन गर्नुभएको थियो । साथै, उहाँद्वारा वाचित रचनाको मुक्तककार भवानी तिमल्सिना न्यौपानेले टिप्पणी गर्नुभएको अध्यक्ष सापकोटाले जानकारी दिनुभयो । छोटो समयमै साहित्यका विभिन्न विधामा कलम चलाउन सफल मिथिला अधिकारीका रचनाहरु सुन्दर, सरल भाषाशैलीको प्रयोग गरिएको तथा सम्प्रेष्य हुनुका साथै समसामयिक विषयवस्तु तथा समस्याहरुलाई रोचक ढङ्गबाट उठाई त्यसको बैठान गर्नसक्ने खालका हुने टिप्पणी गरिएको छ।

कलापुञ्ज स्थापनाको मुख्य उद्देश्य समाजमा लुकेर रहेका प्रतिभाहरु प्रस्फुटनका लागि मञ्च प्रदान गर्नु तथा महिलाहरुको आत्मविश्वास बढाई आफ्नो मनमा लागेका कुराहरु सहजै अरुका अगाडि प्रस्तुत गर्नसक्ने बनाउनु भएकाले कार्यक्रम औचित्यपूर्ण भएको प्रमुख अतिथि घिमिरेले बताउनुभयो । आगामी दिनमा पनि आँचलले यस्ता कार्यक्रमहरू गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । आँचलकी कार्यसमिति सदस्य रजनी पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रमको स्वागत मन्तव्य कार्यसमिति सदस्य एलिजा पुडासैनीले गर्नुभएको थियो।

कार्यक्रममा एसआर मञ्जरी, दिनेश शर्मा, शोभा शाह थापा, डीबी बर्तौला, सानु खनाल, बैकुण्ठ लामिछाने, अनु रोक्का, छवि अनित्य, मसान उपासकलगायतका साहित्यकारहरुले रचनावाचन गर्नुभएको उहाँले जानकारी दिनुभयो।

# शुक्रबार काँडेतार चलचित्रको च्यारिटी

समाज संवाददाता

हेटौंडाः देशको सीमा समस्याको कथावस्तुमा निर्माण भएको नेपाली चलचित्रको आगामी शुक्रबार च्यारिटी शो हुने भएको छ। आगामी फागुन २५ गते रिलिज हुने चलचित्रको पुस २७ गते हेटौंडामा च्यारिटी शो हुन लागेको हो ।

मंगलबार आयोजकले पत्रकार सम्मेलन गर्दै पुस २७ गते चलचित्रको च्यारिटी शो गरिने जानकारी दिएको छ। चलचित्र नवल खड्काले निर्माण गरेका हुन्। खुला सीमाका कारण मृत्युमा परेका परिवारको सहयोग गर्ने उद्देश्यले च्यारिटी शो गर्न लागेको चलचित्रकर्मी नवल खड्काले जानकारी दिनुभएको छ।

माटो र मान्छे जोगाउनु पर्छ भन्ने विषयलाई चलचित्रले जोड दिएको पत्रकार सम्मेलनमा खड्काले बताउनुभयो । विभिन्न कारणले देशको भूमि मिचिएको अवस्थालाई चलचित्रको माध्यमबाट देखाउन लागको उहाँले बताउनुभयो । ६० वटाभन्दा बढी च्यारिटी शो प्रदर्शनी भएको चलचित्रमार्फत् विभिन्न ज्ञान हासिल गर्नसक्ने उहाँको भनाइ छ ।

माटो र मान्छे जोगाउनु पर्छ, सिमानाको नियमन गर्नुपर्छ, अस्तव्यस्त देशलाई निराकरण गरेर सकारात्क पक्षतर्फ कसरी लैजाने भन्ने कुरालाई पनि चलचित्रले समेटेको खड्काले बताउनुभयो। राष्ट्रिय बहसको रुपमा देश जोगाउने कुरा विश्वव्यापी चल्नुपर्छ भन्ने कुरालाई विशेष प्राथमिकता दिएको उहाँको भनाइ छ ।

चलचित्र पत्रकार संघ मकवानपुरका अध्यक्ष कपिल खड्काको सभाध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनमा कलाकार सुशान्त श्रेष्ठ, प्रशान्त यादव र नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको उपस्थिति रहेको थियो ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

# मकवानपुरगढीको हिउँदे अधिवेशन माघ पहिलो साता हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकाको हिउँदे अधिवेशन आगामी माघको पहिलो सातामा हुने भएको छ । अधिवेशनको तयारीका लागि बुधबार बैठक बसेर निर्णण गर्ने पालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानले बताउनुभयो ।

अधिवेशनमा बजेट संशोधन हुने अध्यक्ष स्याङ्तानले बताउनुभयो। पालिकाले चालु आर्थिक वर्षमा लिएको लक्ष्यभन्दा कम राजस्व संकलन भएपछि केही बजेट संशोधन गर्ने उहाँले बताउनुभयो । पालिकाले उठाउने नदीजन्य पदार्थबाट उठ्ने राजस्व र नियमित दर्ता प्रक्रियाको राजस्व सोचेअनुसार नउठेको उहाँले बताउनुभयो।

चालु आर्थिक वर्षमा ४ करोड रुपैयाँभन्दा बढी आन्तरिक राजस्व उठाउने लक्ष्य लिए पनि आधा पनि नउठेको उहाँले बताउनुभयो । उहाँले बजेट हुनेसम्म र कमान्तरण गर्ने र आन्तरिक स्रोतबाट अत्यावश्यक नभएको शीर्षकको बजेट कटौती गर्ने सोच रहेको उहाँले बताउनुभयो । पालिकाले चालु आर्थिक वर्षका लागि ६२ करोड २ लाख ५६ हजार रुपैयाँको बजेट ल्याएको थियो । जिल्लाका हेटौंडा उपमहानगरपालिका र राक्सिराङ गाउँपालिकाले हिउँदे अधिवेशन सम्पन्न गरेको छ। कैलाश, भीमफेदी, बकैया र इन्द्रसरोवर गाउँपालिकामा आगामी माघ महिनाभित्रमा अधिवेशन गर्ने तयारी भइरहेको जनाइएको छ।

## हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयको सूचना

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गंभिर असर पार्ने गर्दछ । यसको अन्त्यका लागि सरोकारवालाहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

विष्णुगोपाल महर्जन
वडा अध्यक्ष तथा
२ नम्बर वडा कार्यालय परिवार

## हेटौंडा उपमहानगरपालिका १ नं. वडा कार्यालयको सूचना

नेपालको कानुनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा भएको व्यवस्था बमोजिम विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी विवाह गर्न वा गराउनु हुँदैन यदी गर्ने वा गराउने गरेमा तीन वर्षसम्म कैद र बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

सविन न्यौपाने
वडा अध्यक्ष तथा
१ नम्बर वडा कार्यालय परिवार

## परिचय बचत तथा ऋण सहकारी संस्था लि. को
## १४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**यस संस्थाको १४ औं वार्षिक साधारण सभा यहि मिति २०८० साल पौष २८ गते शनिबारका दिन सम्पन्न हुने भएकाले सम्पूर्ण शेयर सदस्यहरुलाई पत्राचार गरिसकेको र पत्र प्राप्त नभएका शेयर सदस्यहरुले यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिको लागी हार्दिक आमन्त्रण गर्दछौं ।**

**प्रस्ताव:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले गर्नु हुने वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. आ.व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्ने लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले हाल सम्म गरेको निर्णयलाई अनुमोदन गर्ने ।
५. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सदस्यहरुबाट प्रतिनिधि चयन गर्ने ।
६. विनियम संसोधन सम्बन्धमा
७. संस्था एकिकरण सम्बन्धमा
८. कार्यक्षेत्र र उदेश्य थप (विस्तार) सम्बन्धमा
९. निति तथा कार्यविधिहरु पारित सम्बन्धमा
१० प्रतिनिधि छनौट सम्बन्धमा
११. संचालक समितिको सेवा सुविधा सम्बन्धमा
१२ पेश्की बजेट (आ.व. २०८०/०८१ प्रथम चौमासिक) खर्च अनुमोदन सम्बन्धमा
१३. विविध सम्बन्धमा

**कार्यक्रम:**

मिति: २०८०/०९/२८ गते
स्थान: वनस्खण्डी मन्दिरको सभाहल, हेटौंडा–२
समय: बिहान ११:३० बजे

**सुशान्त तिमल्सिना**
**सचिव**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको Papcytology स्पेसल जाँचहरु गरिन्छ ।



-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७